# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

## जोरायल गाउँपालिका
## डोटी ।




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रदेश नं.५,कर्णाली र सुदू[illegible] लेखापरीक्षण महानिर्देशनालय**

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

Phone : 4258174
4266034
4255707
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu
Nepal


पत्र संख्या:२०७६/७७
च.नं ४६४

मिति: २०७७/३/२४

श्री अध्यक्षज्यू,

जोरायल गाउँपालिका, डोटी ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

२०७७/३/२४

(चन्द्रकान्त भण्डारी)

नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूर... लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu
Nepal

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र संख्या: २०७६/७७

च.नं ४७३ मिति: २०७७।३।२४

श्री अध्यक्षज्यू,
जोरायल गाउँपालिका, डोटी ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले जोरायल गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तियविवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरणले स्थानीयतहसङ्ग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्तगर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तियबिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.४ करोड ९९ लाख ३७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुलगर्नुपर्ने रु.९३ लाख २२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ८० लाख ६३ हजार नियमितगर्नुपर्ने रु.४० लाख ५२ हजार पेश्की बाँकी रु.१ करोड ८५ लाख रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।९।४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेस हुन नआएकोले उक्त दफा प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुका व्यहोराको अन्तिम प्रतिवेदन पाना ४५(पैतालिस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।९।४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेस हुन नआएकोले उक्त दफा प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुका व्यहोराको अन्तिम प्रतिवेदन पाना (४१) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सगं सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसगं हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्तगर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७६।१२।२४

(चन्द्रकान्त भण्डारी)

नायव महालेखापरीक्षक

# जोरायल गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७५।७६

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्धेश्यले यस गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो गांउपालिका अर्न्तगत ६ वडा रहेको ३४ सभा सदस्य ४१९ व.की.मी. क्षेत्रफल, २०८१४ जनसंख्या सात नंम्वर प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचित कोषः–** आर्थिक वर्ष २०७५।७६ स्थानीय संचित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | | १ | **चालु खर्च** | २१९२४६२३८ | |
| | क) नगद | ० | | २ | **पूँजीगत खर्च** | १०९८४९१३९ | |
| | ख) बैंक | २९३९५८५५.०५ | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | ० | |
| २ | **राजस्व (आन्तरिक आय)** | ० | | | क) ऋण भुक्तानी | ० | |
| | क) आन्तरिक राजस्व | ११३४१४४ | | | ख) ब्याज भुक्तानी | ० | |
| | ख) राजस्व बाँडफाँड | ६११८३९५७.६५ | | | ग) अन्य भुक्तानी | ० | |
| | ग) अन्य आय | ० | | ४ | **लगानी** | ० | |
| ३ | **वित्तीय हस्तान्तरण संघ** | ० | | | ऋण लगानी | ० | |
| | क)वित्तीय समानीकरण अनुदान | ८३२००००० | | | शेयर लगानी | ० | |
| | ख) सशर्त अनुदान | १८३६४३००० | | | अन्य लगानी | ० | |
| | ग) समपूरक अनुदान | ० | | ५ | **धरौटी फिर्ता** | ११५५४१४ | |
| | घ) विशेष अनुदान | ० | | ६ | **कोष खर्च** | ९८०२४६ | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | ० | | ७ | **मौज्दात** | ० | |
| | क)वित्तीय समानीकरण अनुदान | ६६६९००० | | | क) बैंक मौज्दात | २६६६६४२२.८६ | |
| | ख) सशर्त अनुदान | ० | | | ख) धरौटी | १३८९८७ | |
| | ग) समपूरक अनुदान | १६६६००० | | | संघिय ससर्त फिर्ता | १२६७९४४०.५ | |
| | घ) विशेष अनुदान | १५४१००० | | | प्रदेश शसर्त फिर्ता | १६६७००० | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | ० | | | कोषबाँकी | १२१९७५४ | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | ० | | | **विषयगत निकायको खर्च** | ५६९९२३२८.४ | |
| | क) ऋण प्राप्ति | ० | | | प्रदेश खर्च | १५३१००० | |
| | ख) साँवा प्राप्ति | ० | | | | ० | |
| | ग) ब्याज प्राप्ति | ० | | | | ० | |
| | घ) अन्य प्राप्ति | ० | | | | ० | |
| ६ | **विभिन्न कोषतर्फको आय** | २२००००० | | | | ० | |
| ८ | **जनसहभागिता (नगद)** | ० | | | | ० | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | ५८६७७३६९ | | | | ० | |
| १० | **धरौटी आय** | १२९४४०१ | | | | ० | |
| ११ | **लगानीको साँवा फिर्ता** | ० | | | | ० | |
| १२ | **अन्य विविध आय** | १५२१२४३.०६ | | | | ० | |
| | **जम्मा** | **४३२१२५९६९.७६** | | | **जम्मा** | **४३२१२५९६९.७६** | |

कार्यालयको नाम : जोरायल गाउँकार्यपालिकाको कार्यालय, डोटी ।                    आ.व.२०७५।७६

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने, १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ मसान्तभित्र नै पारित गर्नुपर्ने ब्यवस्था अनुसार २०७५ आषाढ मसान्तभित्र बजेट गाउँ सभाबाट पारित भएको छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार देहायका शीर्षकहरुमा सशर्त अनुदानबाट प्राप्त रकममध्ये खर्च गर्न बाँकी रहेको रु. १,२६,६१,४०१। फ्रिज भएको र रु. १,०९,९४,४०१। संघीय सञ्चित कोषमा र १६,६७,०००। प्रदेश सञ्चित कोषमा २०७६।३।३१ मा दाखिला गरेको छ ।<br><br>लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यावसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको शुद्दताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७६/८/१४ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन्: | |
| | **बित्तिय लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| १. | **आर्थिक विवरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार गाउँपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र  खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खचंको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति देखिएन । | |
| २. | कार्यालयले तयार गरेको एकिकृत आय तर्फ कर्मचारी कल्याण कोषमा रु.७,००,०००। आम्दानी देखाएकोमा के कुन श्रोतबाट आम्दानी भएको हो सोको प्रमाण पेश हुनुपर्ने रु. | ७०००००/- |
| ३. | **गत वर्षको जिम्मेवारी नभिडेको :** गतवर्षको अन्तिम मौज्दात र यो वर्षको शुरुको मौज्दात एक आपसमा भिड्नुपर्दछ । गतवर्ष २०७४।७५ को लेखापरीक्षण प्रतिवेदनमा मौज्दात रु.३,७३,१०,६८७.५९ रहेको देखिन्छ । सोही रकम नै यो वर्षको शुरु मौज्दात हुनुपर्नेमा रु.२,९३,९५,८५५.०५ जिम्मेवारी सारेकोले रु.७९,१४,८३२.५४ घटी जिम्मेवारी सारेको सम्बन्धमा व्यवस्थापनले कुनै जानकारी दिएको छैन । तसर्थ | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | घटी जिम्मेवारी सार्नु पर्नाको करण स्पष्ट हुनुपर्ने रु. | ७९,१४,८३२.५४ |
| ४. | **वित्तीय विवरण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाकले प्रत्येक वर्ष साउन एक गते देखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । साथै गाउँपालिकाले सोही ऐनको दफा ६९ मा तोकीय अनुसार आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्ने व्यबस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्:<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब अद्यावधिक नरहेको, पेश्की खाता नराखेकोले कार्यालयले पेश गरेको आय-व्यय विवरण यथार्थ मान्न सकिएन ।<br>• बैंक हिसाब समायोजनको विवरण प्राप्त हुन नसकेको ।<br>त्यसैले तोकिए बमोजिमका वित्तीय विवरणहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी आय व्ययको लेखांकन गर्नुपर्दछ । | |
| ५. | **बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा गाउँपालिकाले ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । तर गाउँपालिकाले उक्त समिति गठन गरेको पाईएन । त्यसैले कानून बमोजिम समितिको गठन गरी गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६. | **श्रोतअनुमान तथा बजेट सिमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सिमा निर्धारण गर्न, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, बजेट तर्जुमा गर्दा मार्गदर्शन लगायतका कार्य गर्न ४ सदस्यीय श्रोत अनुमान तथा बजेट सिमा समिति गठनको व्यवस्था छ । तर गाउँपालिकाले उक्त समितिले गठन गरेको पाईएन । त्यसैले कानून बमोजिम समितिको गठन गरी गाउँपालिकाको बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | बजेट सिमा निर्धारण र सोही अनुसार गाउँ सभामा बजेट तथा कार्यक्रम पेश तथा पारित गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ७. | **खर्च गर्ने अख्तियारी:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमूख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिनभित्र वडा सचिवलाई कार्यक्रम र बजेटसहित प्रचलित कानून बमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था भएपनि बजेट कार्यान्वयनको लागि अख्तियारी प्रदान गर्ने गरेको पाइएन । अतः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम बजेट खर्च गर्ने अख्तियारी प्रदान गरी खर्च गर्नुपर्ने पर्दछ । | |
| ८. | **क्षेत्रगत बजेट र खर्चको स्थिति:** मिति २०७५/३/३१ मा गाउँसभाबाट पारित क्षेत्रगत कार्यक्रम र बजेट खर्च स्थिति देहाय बमोजिम रहेको छः । | |

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत (जम्मा खर्चको तुलनामा) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १८३६५५०० | १६५२८९५० | ५.५८ |
| २ | पुर्वाधार विकास | २३५८३५०० | २१४६०९८५ | ७.२५ |
| ३ | सामाजिक विकास | २०७१३२७१९ | १८६७३४१३८.३ | ६३.०४ |
| ४ | वातावरण तथा विपद व्यवस्थापन | ३९५०००० | ३०५५३२५ | १.०३ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ७९२८६२८९ | ६४८१६५४१.२६ | २१.८८ |
| ६ | अन्य समपुरक | ४०००००० | ३६००००० | १.२२ |
| | **जम्मा** | **३३६३१८००८.०** | **२९६१९५९३९.६** | |

उपरोक्त विवरण अनुसार गाउँसभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी ६३.०४ प्रतिशत र घटीमा १.०३ प्रतिशत रहेको छ। घटी कार्यक्रम सञ्चालन हुनाको कारण स्पष्ट भएको भएन ।

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ९. | **पूर्वाधार तर्फको क्षेत्रगत बजेट र खर्चको स्थिति :** गाउँ सभाबाट पारित वित्तीय समानीकरण पूर्वाधार तर्फको क्षेत्रगत कार्यक्रम र बजेट व्यवस्थापनको स्थिति देहाय बमोजिम रहेको छः | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>

| क्र.स. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत (कुल पूर्वाधार बजेट खर्चको तुलनामा) |
|---|---|---|---|---|
| १ | सडक | १६६९५००० | १५०२५५०० | २९.१८ |
| २ | खानेपानी | ६९६३००० | ६०९२६२५ | ११.८३ |
| ३ | सिंचाई | ३५१३५०० | ३०३७४२०.७५ | ५.९० |
| ४ | भु-क्षय तथा ढल | १७००००० | १५८५२५० | ३.०८ |
| ५ | शौचालय | १४९००० | १४९००० | ०.२९ |
| ६ | खेलमैदान | २४५००० | २४५००० | ०.४८ |
| ७ | झोलुङ्गे पुल | ० | ० | ०.०० |
| ८ | अन्य प्रशासनिक | ५३९३४५०० | २५३४९२१५ | ४९.२४ |
| | **जम्मा** | **८,३२,००,०००.०** | **५,१४,८४,०१०.८** | |

उपरोक्त विवरण अनुसार गाउँपालिकाले भौतिक पूर्वाधार तर्फको बजेटबाट सार्वजनिक सडक निर्माण र भुक्षय नियन्त्रणमा क्रमशः २९.१८%, ३.०८%, बजेट खर्च गरेकोले स्वीकृत लक्ष्य अनुसार प्रगति हुन सकेको छैन ।

</td><td></td></tr>
<tr><td>१०.</td><td>

**आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१३ लाख आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु. ११ लाख ३४ हजार अर्थात अनुमान भन्दा १२.७८ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

</td><td></td></tr>
<tr><td>११.</td><td>

**आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले आर्थिक वर्ष २०७५।७६ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १७६१७५६४१.४ | ११३४१४४ | ०.६४ |

</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.६४ प्रतिशत मात्र रहेको छ । त्यसैले गाउँपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १२. | **आयव्ययको लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा गाउँपालिकाले नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शीर्षकसम्बन्धी ब्यवस्था अवलम्बन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष एकल खाता कोष प्रणालीबाट सञ्चालन गरी भुक्तानी गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता, बहुक्षेत्रीय पोषण, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको बजेट स्थानीय तहको सञ्चित कोषमा जम्मा गरेर खर्च गरेको, चालु र पूँजीगत खर्च शीर्षकको विनियोजन तथा नेपाल सरकारको आय तथा व्यय शीर्षकको शीर्षकगत लेखाङ्कन पालना स्थिति कमजोर रहेको, योजनागत खाता अद्यावधिक हुन नसकेको देखिन्छ । कार्यालयले तोकिएको विनियोजन तथा खर्च प्रणाली अवलम्बन गर्दै आय तथा व्ययको शीर्षकगत परिपालनामा विशेष ध्यान दिनुपर्दछ । | |
| १३. | **मध्यकालिन खर्च संरचना :** अन्तर–सरकारी वित्त ब्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्र भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहीत मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले सार्वजनिक खर्च ब्यवस्थापनलाई प्रभावकारी बनाउने मध्यमकालिन खर्च संरचना कार्यान्वयनमा ल्याएको छैन । स्रोतको बितरणमुखी प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लागतलाभ विश्लेषण गरी लागतप्रभावी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयन गर्न कार्यालयले ध्यान दिनुपर्दछ । | |
| १४. | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको ब्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमूख प्रशासकीय अधिकृतले | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | चैत्र १५ गतेभित्र गाउँपालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा गाउँपालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायतका क्षेत्रगत बिषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| १५. | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| | **नियमितताको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| १६. | **बजेट अबण्डा** : स्थानीय तहले बार्षिक कार्यक्रम स्वीकृत गरी कार्यक्रमगत बजेट व्यवस्था गर्नुपर्नेमा गाउँपालिकाले रु.३० लाख बराबरका कार्यक्रम बजेट अबण्डा राखेको देखियो । योजना स्वीकृत गाऊी बजेट व्यवस्था गर्न नमिल्ने, त्यसको लागी अबण्डामा बजेट राख्नु उपयुक्त देखिएन । यसले गर्दा कार्यक्रमको कार्यान्वयन सुनिश्चितता नहुने, रकमान्तर गरी अन्यत्र बजेट सार्ने अवस्था सृजना हुने देखिएकोले यस्तो कार्य नियन्त्रण हुनुपर्दछ । | |
| १७. | **आन्तरिक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्:<br>• गाउँपालिकाले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको छैन ।<br>• गाउँपालिकामा समयोजन भई आएका साविकका गा.वि.स. र विषयगत कार्यालयबाट हस्तान्तरण भई आएका जिन्सीको अवस्था देखिने गरी विवरण तयार गरेको छैन ।<br>• गाउँपालिकाको वडा कार्यालय र विषगत शाखामा छुट्टा छुट्टै जिन्सी खाता राखेको र जिन्सी सामानको एकीकृत विवरण समेत नबनेको,<br>• गाउँपालिकाको मूल जिन्सी खातामा सबै जिन्सी सामानको आम्दानी नजनाई वडागत रुपमा | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | जिन्सी खाता तयार गरेबाट जिन्सी सामान एकिन गर्न तथा अभिलेख राख्न कठिन हुने देखिएको ।<br>● कतिपय कारोबारहरु मूल्य अभिवृद्धि कर बेगरका फर्मसँग गरेको ।<br>● गाउँपालिका क्षेत्र भित्र कोष प्रमाणित तथा भ्रमण प्रतिवेदन बेगर अनुगमन तथा दैनिक भ्रमण भत्ता खर्च लेख्ने गरेको ।<br>● विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रम समेत बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठी तर्फ केन्द्रीत भई वितरणमुखी मात्र देखिएको ।<br>● सार्वजनिक खरिद नियमावली बमोजिम कार्यालयले खरिद गुरु योजना तथा वार्षिक खरिद योजना तयार गाउी खरिद कारबाही संचालन गरेको ।<br>● गाउँपालिकाले तोकिए बमोजिम Sub-National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्नेमा सो गरेको छैन ।<br>● महालेखा नियन्त्रक कार्यालयबाट जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या अनुसार एकीकृत आर्थिक संकेत प्रयोग गरेको छैन ।<br>● विगत वर्षको बेरुजु लगत अद्यावधिक गरेको छैन ।<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम श्रोत नक्सांकन वा गाउँपालिकाको प्रोफाईल तयार गरेको छैन ।<br>अतः तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ । | |
| **१८.** | **आन्तरिक लेखापरीक्षण बेरुजु फछ्र्यौटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्ने नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्ने असुल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले आ.व.२०७५।७६ को आन्तरिक लेखापरीक्षण गराएकोमा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएको वेरुजुको अन्तिम लेखापरीक्षण अवधि सम्म कारवाही गरेको छैन । ऐनमा भएको व्यबस्था कार्यान्वयन गर्नुपर्दछ । | |
| **१९.** | **आ.ले.प.शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस गाउँपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| २०. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक गाउँकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| २१. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गाउँको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| २२. | **कल्याण कोष** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा रु.७ लाख जम्मा गरेको तर कर्मचारीको पारिश्रमिकबाट निश्चत रकम कट्टा गाउी एकमुष्ठ गाउँपालिकाको तर्फबाट मात्र रकम जम्मा गरेको देखियो । तसर्थ कानूनको परीपालना गर्नु पर्दछ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २३. | **तलबी प्रतिबेदन :** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले पालिका अन्तरर्गतका स्वास्थ्य तर्फका कर्मचारीको तलबी प्रतिवेदन पारित तलब खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| २४. | **कर्मचारी ब्यवस्था :** कार्यालयले उपलव्ध गराएको स्वीकृत दरबन्दी विवरण अनुसार स्थायी कर्मचारीको दरवन्दी २९ रहेता पनि पदपूर्ति ९ मात्र रहेको देखियो । रा.प.तृतिय अधिकृतसहित २० पद रिक्त रहेका छन् । तिमध्ये ३ जना करारमा राखी कार्यसञ्चालन गरिएको छ । जनशक्तिको अभावमा गाउँपालिकाको कार्यसम्पादन र सेवाप्रबाहमा समेत असर परेकाले दरबन्दी अनुसार पदपूर्ति गरिनुपर्दछ । | |
| २५. | **वडा सचिवको पदपूर्ति :** गाउँपालिका अन्तर्गका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । | |

| वडा संख्या | वडा सचिवको दरवन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ६ | ६ | २ | ४ |

उपरोक्त विवरण अनुसार गाउँपालिकाका ६ वटा वडा सचिव मध्ये २ जनाको पदपूर्ति भई ४ जनाको दरबन्दी रिक्त रहेको छ । यसले गर्दा वडापालिकाको काम कारबाहीमा प्रभावित हुने तथा दैनिक प्रशासनिक कार्यमा बाधापर्ने हुनाले यस तर्फ सम्बन्धित पक्षको ध्यान जानुपर्ने देखियो ।

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २६. | **चौमासिक खर्च:** गाउँपालिकाले स्वीकृत भएको कार्यक्रमको चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय अनुसार छ: | |

| क.सं. | बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १. | वित्तीय सामानीकरण पूँजीगत | ७३५३०८५० | १६१७८७८७ | २०५८८६३८ | ३६७६५४२५ | १४३६८१०८ |
| २. | सशर्त अनुदान शिक्षा | १४४४४७३६८.२ | ३६१११८४२ | ४००१५००९ | ६८३२०५१७ | ६८३२०५१७ |
| ३. | सशर्त अनुदान | २१६०६८४०.७ | ४३२१३६८ | ११९६५४४२.३ | ५३२००२९.७ | ५३२००२९.७ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | स्वास्थ्य | | | | | |
| ४. | सशर्त अनुदान कृषि पशु | ३१२१०२९ | १०२९९३९.५७ | १०२९९३९.५७ | १०२९९३९.५७ | १०२९९३९.५७ |
| ५. | सामाजिक सुरक्षा | २७४३३४०० | ८५००००० | ८६७६००० | १०२५७४०० | १०२५७४०० |
| ६. | स्थानीय शासन तथा सामुदायिक विकास | ३०५००० | ० | ० | ३०५००० | ३०५००० |
| ७. | प्रदेश सरकार सर्शत अनुदान | ३५५३३५७.९१ | ५३०३०३ | १२४३६७५.२७ | १७७९३७९.६४ | १७७९३७९.६४ |
| | **जम्मा** | **२७३९९७८४५.८१** | **६६६७२२३९.५७** | **८३५१८७०४.१४** | **१२३८०६९०२.१७** | **१०१३८०३७३.९१** |
| | **प्रतिशत** | | **२४.३३** | **३०.४८** | **४५.१९** | **३७.००** |

गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.२७ करोड ३९ लाख ९८ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.६ करोड ६६ लाख ७२ हजार अर्थात २४.३३ प्रतिशत, दोश्रो चौमासिकमा रु.८ करोड ३५ लाख १८ हजार, अर्थात ३०.४८ प्रतिशत र तेश्रो चौमासिकमा रु.१२ करोड ३८ लाख ७ हजार, अर्थात ४५.१९ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१० करोड १३ लाख ८० हजार अर्थात ३७ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

**२७.** **प्रशासनिक खर्चः** कुल आन्तरिक आयको तुलनामा प्रशासनिक खर्चको सीमा निर्धारण गरी खर्च गर्नुपर्नेमा सो सीमा निर्धारण गाउँकोले कुल आय रु.११,३४,१४४.० को शत प्रतिशत नै प्रशासनिक खर्च गरेको पाईयो । प्रशासनिक खर्चको सीमा निर्धारण गर्नु पर्दछ ।

**२८.** **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ४ वटा ऐन, ३ वटा नियमावली र १६ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष गाउँपालिकाबाट

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| | **पञ्जिकरण तर्फ** | |
| ७ | जन्मदर्ता | ५५ |
| ८ | मृत्यू दर्ता | २८ |
| ९ | बसाईसराई दर्ता | १३ |
| १० | बिबाहदर्ता | २७ |
| ११ | सम्बन्ध विच्छेद दर्ता | २ |
| | **अन्य सिफारिस** | |
| १२ | घरबाटो सिफारिस | १८ |
| १३ | नागरिकता सिफारिस | १३०० |
| १४ | नाता प्रमाणित | ६० |
| | **पूर्वाधार विकास सडक निर्माण** | |
| १५ | ग्राभेल सडक निर्माण | १ |
| १६ | ग्राभेल सडक मर्मत | १ |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार गाउँपालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा आएको देखिएन । सिफारिस लगायतका अत्यावश्यक सेवा समेत दिन नसेकेको गाउँपालिको सेवाप्रवाहको स्थितिमा सुधार हुनु पर्दछ ।

**२९.** **न्यायिक समिति र न्याय सम्पादन :**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार गाउँपालिकाको उप-प्रमुखको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ। गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ।

| दर्ता भएका विवाद | फछ्यौंट भएका विवाद | फछ्यौंट हुन बाँकी विवाद |
|---|---|---|
| ३० | २५ | ५ |

उपरोक्त विवरण अनुसार प्राप्त विवादको समयमै निरुपण तथा फछ्यौंट गर्ने तर्फ ध्यान दिनुपर्दछ।

## कार्यक्रमगत खर्चको लेखापरीक्षणबाट देखिएका व्यहोरा

**३०.** **लक्ष्य प्रगति :-** कार्यालयको चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरियका आयोजना मध्ये मुल कार्यक्रम ५ र सहायक कार्यक्रम २८० योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कार्यकारी, प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| कार्यक्रम/ योजना | यो वर्ष कुलकार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्यप्रगति कार्यक्रम | २५% सम्म प्रगति भएका कार्यक्रम | ५०% सम्म प्रगति भएका कार्यक्रम | ७५% सम्म प्रगति कार्यक्रम |
| मूलकार्यक्रम सङ्ख्या | ५ | ० | ० | ० | ५ |
| सहायककार्यक्रम सङ्ख्या | २८० | ० | ० | ० | २८० |
| रकम | ३३,२३,१७,०००/- | | | | ३३,२३,१७,०००/- |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३१. | **योजनागत लक्ष्य प्रगति** : यस गाउँपालिका अन्तर्गत २०७५।७६ मा क्षेत्रगत तथा समानीकरण अनुदान समेत २८५ योजना स्वीकृत गरेका योजनामा सवै योजनाहरु ७५ प्रतिशत भन्दा माथि प्रगति भएको उल्लेख छ । अतः कार्यान्वयन योग्य योजना तथा कार्यक्रमको पहिचान गरी समयमै योजना सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ३२. | **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलप्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने ब्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने ब्यवस्था छ । सो अनुसार दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचि तयार गरेको पाईएन । योजना तयारी सम्बन्धी उक्त ब्यवस्थाको पालना गरिनु पर्दछ । | |
| ३३. | **सभाको निर्णय कार्यान्वयन-** मिति २०७५।३।३२ मा सम्पन्न गाउँपालिकाबाट पारित विभिन्न क्षेत्रगत २८५ वटा कार्यक्रम तथा अन्तर्गतका २८० वटा सहायक कार्यक्रमसमेतको कार्यान्वयनको स्थितिसहितको सभाको निर्णय र प्रतिवेदन माग गरिएकोमा उपलब्ध हुन सकेन । अत सभाको निर्णय कार्यान्वयन स्थिति प्रतिवेदन तयार गरी वर्षान्तमा समिक्षा गर्नुपर्दछ । | |
| ३४. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको गाउँपालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा गाउँ प्रोफाइल तयार गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कबीना प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | व्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| | **राजश्व तथा आन्तरिक आयको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| **३५.** | **राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।। | |
| **३६.** | **रसिद नियन्त्रण खाता :** कार्यालयले राजस्व असूली तथा आन्तरिक आम्दानी गर्दा नगदी रसिदको प्रयोग गर्नुपर्ने र नगदी रसिद नियन्त्रण खाता राख्नुपर्ने व्यवस्था छ । कार्यालयले नगदी रसिद छपाई, गत वर्षको मौज्दात र खर्च तथा जिम्मेवारी सारेको परिमाण देखिने गरी रसिद नियन्त्रण खाता राखेको छैन । रसिद नियन्त्रण खाता नराखेकोले राजस्व असुलीमा प्रयोग भएको रसिदबाट असुल भएको सबै रकम दाखिला भएको छ भन्न सकिने आधार भएन । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो । | |
| **३७.** | **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाँउपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएतापनि यस्तो कर संकलन गरेको छैन । सम्वन्धित निकायसँग अबिलम्ब समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| **३८.** | **मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ मा गाउँपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस गाउँपालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| **३९.** | **व्यवसाय कर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउन सक्ने व्यवस्था रहेको छ । गाउँपालिकाको आर्थिक ऐन, २०७५ ले अनुसूची ४ अनुसार व्यवसाय कर लगाई असुल गर्ने उल्लेख छ । यस गाउँपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा व्यवसायीहरुको | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | लगत राखी उक्त लगत अद्यावधिक गरी लगतमा भएका सम्पूर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाइएन । गाउँपालिका क्षेत्रभित्रका व्यवसायलाई व्यवसायीको अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ । | |
<tr><td>१.</td><td>मासिक सुविधा</td><td>३६००००/</td><td>३०००००/</td><td>१४४००००/</td><td>५७६०००/</td><td>१२०००००/</td><td>३८७६०००/</td></tr>
<tr><td>२.</td><td>सञ्चार सुविधा (मासिक दरमा)</td><td>१३२००/</td><td>९६००/</td><td>३६०००/</td><td>०</td><td>०</td><td>५८८००/</td></tr>
<tr><td colspan="7" align="right">जम्मा</td><td>३९३४८००/</td></tr>
</table></td><td></td></tr>
<tr><td>७४.</td><td>पदाधिकारी अन्य सुविधाः सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधाको सम्बन्धी ऐन, २०७५ को दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ । गाउँपालिकाले ऐनले तोकेको सुबिधावाहेक बर्ष भरी बैठक भत्ता रु.२६,०९,३००। र अन्य सुविधा रु.४५,९००। समेत रु. २६५५२००। सुविधा खर्च लेखेको देखियो । यसरी ऐनमा व्यवस्था नभई लिएको उक्त रकम नियम संगत नदेखिएको रु.</td><td>२६५५२००/-</td></tr>
<tr><td>७५.</td><td>आर्थिक सहायता : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र कार्य गर्ने आवश्यक पेर्ने ऐन, नियम, निर्देशिका, कार्यविधि बनाई स्थानीय राजपत्रमा प्रकाशित गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले यस प्रकारको कुनै पनि कानून तथा कार्यविधि बेगर विलभरपाईका आधारमा स्थानीय उद्दार, राहात तथा पुनःस्थापना, विपन्न वर्गलाई औषधि उपचार लगायतकाका कार्यमा आर्थिक सहायता उपलव्ध गराएको छ । यसरी खर्चको विल भरपाई राखी गाउँ कार्यपालिकाको विभिन्न मितिको निर्णय अनुसार रु.५,०००। देखि रु.३,००,०००। सम्म जम्मा</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | रु.१०,००,०००। आर्थिक सहायता वितरण गरेको छ । यस्तो सहयोग उपलब्ध गराउँदा आवश्यक कानून तथा कार्यविधि बनाई सोको आधारमा सदुपयोग हुने गरी वितरण गर्नेतर्फ समेत ध्यान दिनु पर्दछ । | |
| ७६. | **विशेष भत्ता -** नेपाल सरकारबाट स्थानीय निकायमा खटिएका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचलान खर्च पाउने व्यवस्था छ । केन्द्रिय चालु अनुदानबाट चैत्रदेखि अषाढसम्ममा बिभिन्न कर्मचारी तथा पदाधिकारीलाई सञ्चार भत्ता भनी जम्मा रु.४६,५००। खर्च लेखेको छ । नेपाल सरकारले तोकिएको काम गरे बापत तलव भत्ता सुविधा उपलब्ध गराएको अवस्थामा कुन काम कति अतिरिक्त समय कार्य गरी कार्यसम्पादनमा आधरित प्रोत्सहन भत्ता भुक्तानी भएको हो सो समेत खुल्दैन । स्पष्ट आधार एवं कार्यविधि विना तथा नियमावलीमा स्पष्ट उल्लेख गरेभन्दा फरक कार्यमा खर्च लेखेको रकम अनियमित देखिएको रु. | ४६५००/- |
| | **बिषयगत कार्यक्रमको लेखापरीषणबाट देखिएका व्यहोरा** | |
| ७७क | **युनिसेफतर्फ** : खौजडा खानेपानी योजना सम्पन्न गरेबापत उपभोक्ताको श्रमदानको योगदान कट्टा गरी दुई गोश्वारा भौचरबाट रु ४५४६२४०.०० भुक्तानी दिएको देखियो । उपभोक्ताले पेश गरेको फाँटवारी एवम् खरिद सम्बन्धि बिल परिक्षण गर्दा दोश्रो बिलमा पाईप फिटिङ तर्फ १३४९५.० मिटर पाईप खरिद गरेको खरिद बिल देखिन आयो । बिलको संक्षिप्त विवरणमा खन्ने र पुर्ने काम ४७४८.४४ घनमिटर देखिएको छ । यसबाट नर्म्स अनुसार खन्ने र पुर्ने आधा आधा भाग भएमा ११७२८.० रनिङ मिटर मात्र खनेको देखिन्छ । पाईपको फिटिङभन्दा खन्नेकाम बढी हुनसक्ने देखिँदैन । तसर्थ पाईप बढी खरिद देखाई भुक्तानी दिएको (१३४९५-११७२४) १७१७ मिटर पाईपको प्रति मिटर ६१.६९ को दरले हुने १०९२५२.९९ उपभोक्तालाई बढी भुक्तानी भएकोले बढी भुक्तानी रकममा उपभोक्ताको आनुपातिक अंश कटाई असुल गर्नुपर्ने रु. | १०९२५२.९९ |
| | **शिक्षा तर्फ** | |
| ७७. | **दरबन्दीबिना तलब/भत्ता निकासा :** १/२०७५/६/१७, संघीय सरकारबाट हस्तान्तरित सशर्त शिक्षातर्फको कार्यक्रम कार्यान्वयनका लागि जारी पुस्तिका आ.ब २०७५/७६ को क्रियाकलापत नं १.३.३.१ अनुसार स्थानीय तहले कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धि एकिन विवरण शिक्षा विकास तथा समन्वय ईकाईबाट प्राप्त गरी सोही अनुसार दरबन्दीमा, शिक्षक अनुदान कोटा (राहत) मा र प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुको लागि विद्यालयबाट प्राप्त माग फारम रुजु गरी निकासा गर्ने व्यवस्था मिलाउनुपर्दछ । कार्यालयले श्री घण्टेश्वर मा.बि को स्वीकृत दरबन्दीमा नरहेको ल्याब | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | व्यस्थापकको तलब भत्ता बापत रु १३७५००.०० खगेन्द्र बि.क का नाममा विद्यालयलाई अनुदान रकम निकासा गरेको छ । स्वीकृत दरबन्दीमा नरहेको पदको तलब भत्ता शिक्षक तलब भत्ता शिर्षकबाट अनुदान निकासा दिन नमिल्ने भएकोले सम्बन्धित विद्यालयबात असुल गर्नुपर्ने रु | १३७५००/- |
| ७८. | **कार्यसम्पादन प्रतिवेदन :** सार्वजनिक खरिद नियमावलीको नियम १२५(२) बमोजिम, कार्यसम्पन्न प्रतिवेदन पेश भई स्वीकृती पश्चातमात्र भुक्तनी हुनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले देहायका विद्यालयलाई भवन निर्माण बापत पेश्की स्वरुप रकम निकासा गरेकोमा लेखापरिक्षण अवधिसम्म पेश्की रकम फछ्र्यौट नभएकोले कार्यसम्पादन प्रतिवेदन सहित असुल वा फछ्र्यौट हुनुपर्ने रु | ६१,००,०००/- |

| भौ.नं/मिती | विद्यालय | योजना | रकम |
|---|---|---|---|
| २०/२०७६/३/१५ | श्री लक्ष्मी आ.बि,जोरायल ६ | दुई कोठे नयाँ कक्षाकोठा निर्माण | १६०००००/- |
| २१/२०७६/३/१५ | श्री रत्न आ.बि,जोरायल ३ | दुई कोठे नयाँ कक्षाकोठा निर्माण | १६०००००/- |
| ४५/२०७६/३/३० | श्री दुर्गा मा.बि,जोरायल ६ | सरसफाई सहितको शैचालय निर्माण | ७०००००/- |
| ४६/२०७६/३/३० | श्री गौरीशंकर मा.बि,जोरायल १ | सरसफाई सहितको शैचालय निर्माण | ७०००००/- |
| ५१/२०७६/३/३१ | श्री गौरीशंकर मा.बि,जोरायल १ | विद्यालय भुकम्पिय सुरक्षा कार्यक्रम | १५०००००/- |
| | | जम्मा | ६१०००००/- |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७९. | **मा.बि पुस्तकालय अनुदान :** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७५ को क्रियाकलाप नं २.१५.११.७८८ बमोजिम स्थानीय तहले विगतमा विगतमा यस्तो अनुदान प्राप्त गाउँका माध्यमिक विद्यालयलाई प्रस्तावका आधारमा छनौट गरी प्रति विद्यालय रु ६लाख ५० पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदान उपलब्ध गराउनुपर्दछ । गाउँपालिकाले आ.व २०७५।७६ मा सो अनुदान बापत श्री महासरस्वती मा.वि लाई रु ६लाख ५० हजार निकासा गरेकोमा उक्त विद्यालयद्धारा पुस्तक खरिदको बिल भर्पाई पेश गाउँकोले, पुस्तकालय स्थापना भएको सुनिश्चित्तता नभएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु | ६५००००/- |
| ८०. | **शिक्षक तलब थप निकासा :** भौ.नं ४७/२०७६/३/३०, घन्टेश्वर मा.बिलाई शिक्षक तलब/भत्ता बापत प्राप्त माग फारम र शिक्षक दरबन्दीका आधारमा, शिक्षक तलब/ भत्ता अनुदान रकम निकासा भईकेतापनि, कार्यालयले छुट तलब भत्ता रु १,०५,५००.०० निकासा गरेको छ र सोका लागि कुनै आधार प्रमाण र विद्यालय माग फारम समेत पेश भएको छैन । शिक्षक तलब अनुदान रकम पहिल्यै निकासा भईसकेको अवस्थामा छुट तलब भनी थप रकम निकासा गरेको रु १,०५,५००.०० सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु | १०५५००/- |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>८१.</td><td>नमुना विद्यालय पेश्की : नमूना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण कार्यका लागि कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७५।७६ बमोजिम स्थानीय तहले शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट नमूना विद्यालयको रुपमा छनौट भई संचालनमा रहेको विद्यालयहरुको गुरुयोजना स्वीकृत गराई गुरुयोजनाले तोकेको क्षेत्रमा भौतिक निर्माण तथा शैक्षिक विकासका कार्यहरु गर्न एकमुष्ठ रुपमा रु १करोड ५० लाख निकासा गर्नुपर्दछ । गाँउपालिकामा रहेको नमुना विद्यालयको रुपमा छनौट भएको श्री रामपुर मा.बि, बुडर लाई कार्यालयले रु १,५०,००,०००.० पेश्की स्वरुप निकासा गरेकोमा सोका लागि गुरुयोजना पेश नभएको, भौतिक निर्माण कार्यहरुको कार्यसम्पन्न प्रतिवेदन पेश नभएको एबम् शैक्षिक विकासका कार्यहरु संचालन गरेको प्रमाणसमेत पेश नभएकोले, गुरुयोजना स्वीकृत गरी नमूना विद्यालयमा संचालन हुने कार्यक्रम र योजनाहरुको प्रमाणित कार्यसम्पादन प्रतिवेदन पेश हुनुपर्ने रु.</td><td>१५००००००/</td></tr>
<tr><td>८२.</td><td>ICT अनुदान : कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७५, मा शिक्षण सिकाइमा सुचना प्रविधि (ICT) को प्रयोगको व्यवस्था ( क्रियाकलाप नं २.१५.११.७९४) बमोजिम अनुदान प्रदान गर्ने स्थानीय तहले इन्टरनेट पहुँच भएको तथा नियमित विद्युतको आपूर्ति भएका विद्यालयहरुको विवरण तयार गरी ती विद्यालयबाट प्रस्ताव माग गरी प्रस्तावहरुको मूल्याङकनको आधारमा विद्यालय छनौट गरी प्रति विद्यालय रु ६ लाख ५० हजारका दरले एकमुष्ठ अनुदान निकासा गर्नुपर्दछ । गाँउपालिकालाई सो शिर्षकबापत रु १३ लाख अनुदान प्राप्त भएकोमा, सो रकम दुई विद्यालय छनौट गरी निकासा गर्नुपर्नेमा देहायका विद्यालयलाई सो रकम निम्न बमोजिम बिनियोजन गरी कार्यालयले निकासा गरेको छ । संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम प्राप्त निर्देशिका पालना गाउी, अनुदान रकम वितरण गरिनु उचित देखिएन ।
<table>
<tr><th>भौ.नं /मिती</th><th>विद्यालय</th><th>रकम</th></tr>
<tr><td>३०/२०७६/३/२५</td><td>घन्टेश्वर आ.वि,मणिपुर</td><td>२०००००.००</td></tr>
<tr><td>३२/२०७६/३/२६</td><td>जगदम्बा आ.बि, काफली</td><td>२०००००.००</td></tr>
<tr><td>२६/२०७६/३/२६</td><td>जनपृय आ.बि, चौकी</td><td>१५००००.००</td></tr>
<tr><td>२४/२०७६/३/२३</td><td>महेन्द्र आ.बि, खछडा</td><td>२०००००.००</td></tr>
<tr><td>२५/२०७६/३/२३</td><td>बेताल आ.बि, विनोडा</td><td>१५००००.००</td></tr>
<tr><td>२७/२०७६/३/२५</td><td>रत्न आ.बि, राउलकट्टे</td><td>२०००००.००</td></tr>
<tr><td>२८/२०७६/३/२८</td><td>कफलकट्टेश्वर आ.बि, छतिवन</td><td>२०००००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>८३.</td><td>बिशेष शिक्षा सञ्चालित विद्यालयका लागि अनुदान : कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७५।७६ मा विशेष शिक्षा सञ्चालनका लागि अनुदान (क्रियाकलाप नं २.१५.११.७७५) अन्तर्गत स्रोत कक्षा सञ्चालनका लागि</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | प्रति श्रोत कक्षा रु ३,२०,०००.०० र लेखाजोखा केन्द्र सञ्चालनका रु ५०,०००.०० गरी कुल रु ३,७०,०००.०० निकासा दिइनुपर्ने व्यवस्था उल्लेख रहेको छ । गाँउपालिका अन्तर्गत बिशेष शिक्षा सञ्चालन भएको श्री रामपुर मा.बि, बुडर लाई कार्यालयले बिशेष शिक्षा सञ्चालन बापत रु १०,६०,०००.०० अनुदान निकासा गरेको छ । कार्यक्रम संचालनका लागि निर्देशिकामा रकम तोकिएको अवस्था सोही बमोजिम विद्यालयलाई अनुदान निकासा गरिनुपर्नेमा, कार्यालयले रु ६९००००.०० बढी निकासा गरेकोले, सम्बन्धित विद्यालयबाट असुल गरिनुपर्ने रु | ६९००००/- |
| ८४. | **३६६।२०७६।३।३०**, सहलेखापाल तर्कराज भट्टलाई पिनाकेश्वर ट्रेडर्स र अनमोल सप्लायर्सबाट विद्युत पोल र तार खरिद गरे बापत ढुवानीसहित रु २३९५६०.०० भुक्तानी दिएको छ । सामान खरिद गर्दा सामान आपूर्तकलाई सिधै भुक्तानी गर्नुपर्नेमा व्यक्ति मार्फत रकम भूक्तानी गर्नु उपयुक्त देखिएन । सोझै खरिद गरिएका सामान कहाँ प्रयोग गरिएको छ र सोको प्रमाण समेत पेश हुनुपर्ने रु | २३९५६०/- |
| ८५. | **३५१।२०७६।३।२७,** लक्षित वर्ग सामाग्री खरिद तथा वितरण उ.स.लाई दलितवर्गलाई सिलाई मेसिन, कैंची र आईरन खरिद गरी वितरण गरेवापत रु ४८४०००.०० भुक्तानी गरेको छ । संलग्न फाँटवारीमा आलम सिलाई मेशिन तथा धागो पसलबाट २१ थान सिलाई मेशिन र आइरन खरिद गरेकोमा सोको भर्पाई संलग्न भएपनि बन्दना ट्रेडर्सबाट रु.७३५००। को २१ थान आइरन २१ थान कैचि खरिद को विल राखी सो समेत भुक्तानी लिएकोमा उक्त सामान वितरण भएको नदेखिदा उक्त रकम उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु. | ७३५००/- |
| ८६. | **३३६।२०७६।३।२५,** सामान्यतया जनप्रतिनिधि मार्फत खरिद, निर्माण लगायतका काम गराउनु हुँदैन । जनप्रतिनिधिमार्फत कार्य गराउँदा कामको अनुगमन गरी सिफारिस समेत गर्नुपर्ने हुँदा, आफैं काम गर्ने आफैं सिफारिस गर्नु सिद्धान्ततः उपयुक्त हुँदैन । वडा नं ५ का वडा अध्यक्ष ध्वज बहादुर देउवाले दलित अभिमुखिकरण तालिम संचालन गरेवापत रु १७०५५०.०० रकम भुक्तानी लिएको देखियो । तालिम कार्यक्रममा अनुगमकर्ता एवम् सिफारिसकर्ता समेत आफैं भएकोले उक्त कार्य अनियमित देखिएको रु | १७०५५०.० |
| | **समानिकरण पूँजीगत** | |
| ८७. | **३०९।२०७६।३।१५,** जि.एम.ट्रेड एण्ड सप्लायर्सबाट ८ एच्.डिको तीन वटा डिजेल पम्प खरिद गरी ढुवानीसमेत रु २०००००.०० खर्च लेखेको छ । उक्त पम्प कहाँ प्रयोग भएको छ, सोको प्रमाण संलग्न फाँटवारीमा नभएकोमा सोको प्रमाण पेश हुनुपर्ने रु | २०००००/- |

**कार्यालयको नाम : जोरायल गाउँकार्यपालिकाको कार्यालय, डोटी ।** **आ.व.२०७५।७६**

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>८८.</td><td>७।२०७६।११।१४, गाँउपालिकाले व्यक्ति बिशेषलाई मात्र लाभ हुने तरिकाले अनुदान दिन हुँदैन । कार्यालयले व्यवसायिक प्रयोजनले स्थापना भएको मष्टा शंकर नर्सरी विरुवा उत्पादन सप्लायर्स केन्द्र ( ६००६४१९११) लाई नर्सरी स्थापना बापत रु ३८३५८५.०० भुक्तानी दिएको छ । व्यवसायीक फर्मलाई अनुदान दिन पाउने आधार प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्ने रु</td><td>३८३५८५/-</td></tr>
<tr><td>८९.</td><td>विद्युत लाइन : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा जटिल प्रकृतिका काम उपभोक्ता समितिबाट गराउनु नहुने उल्लेख छ । देहाय अनुसार जटिल प्रकृतिको विशेषज्ञ आवश्यक पर्ने काम उपभोक्ताबाट गराएको देखियो । उपभोक्ताबाट गराएको कामको गुणस्तरबारे एकिन गर्न सकिएन । यस्ता जोखिम युक्त काम निर्माण व्यसायीबाट मात्र गराउनुपर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखियो ।
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>३७२/०७६/३/२२</td><td>राष्ट्रिय विद्युत लाईन विस्तार उ.स.</td><td>७३३५१६/-</td></tr>
<tr><td>१८९/०७५/१२/२८</td><td>ढुङ्गे बजार लघु जल विद्युत योजना</td><td>१६३१५००/-</td></tr>
<tr><td>२७/०७५/१०/९</td><td>ढुङ्गे बजार लघु जलविद्युत आयोजना</td><td>६७०५२८/-</td></tr>
<tr><td>२२३/०७६/१/१६</td><td>इखडा विद्युत विस्तार उ.स.</td><td>४७७८२३/-</td></tr>
<tr><td>२९४/०७६/२/३१</td><td>वडा नं.३ विद्युत विस्तार उ.स.</td><td>२९८३८७/-</td></tr>
<tr><td>८/०७६/१/१७</td><td>बेत्राइना बागवजार लघु जल विद्युत योजना</td><td>९५११३४/-</td></tr>
<tr><td>४/०७५/११/१३</td><td>गोगनी गाड वायर हाउस देखि नौडडा विद्युत विस्तार उ.स</td><td>९५९९७०/-</td></tr>
<tr><td>४७/०७५/११/१२</td><td>४ नं. वडा विद्युत विस्तार</td><td>४९३६००/-</td></tr>
</table></td><td></td></tr>
<tr><td>९०.</td><td>सहकारी : सहकारी ऐन,२०४८ अनुसार दर्ता भएका बचत तथा ऋण सहकारी संस्थाहरु नाफा कमाउने उद्देश्यले व्यक्तिहरुको समुहले खोलिएका हुन्छन । यस्ता संस्थाहरुलाई संस्था समृद्धिकरणको नाममा भवन निर्माण, घेरवार लगायतको पूँजीगत सुधारको लागि गाँउपालिकाले रकम उपलव्ध गराएको देखियो । यस्ता सहकारी संस्था व्यक्तिको जग्गामा निर्माण भएको समेत देखिएको छ तसर्थ एउटा समूह विशेषलाई रकम उपलव्ध गराउनु नियम सम्मत देखिएन ।
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>सहकारीको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>२८२/०७६/२/२६</td><td>लक्ष्मि सरस्वती बहुउद्देश्यीय सहकारी संस्था लि.</td><td>१९१९८३.००</td></tr>
<tr><td>२१४/०७६/१/१५</td><td>नमुना महिला बहुउद्देश्यीय संस्था लि</td><td>२०१९१०.००</td></tr>
<tr><td>२०७/०७६/१/११</td><td>छहरा बचत तथा ऋण सहकारी संस्था लि</td><td>५७५६७४.००</td></tr>
<tr><td>१८०/०७५/१२/२८</td><td>ग्यासी समृद्धी बहुउद्देश्यीय सहकारी संस्था लि.</td><td>३०००००.००</td></tr>
<tr><td>१०७/०७५/११/२९</td><td>ज्याती पुञ्ज महिला बहुउद्देश्यीय सहकारी संस्था लि.</td><td>१९१७५२.००</td></tr>
<tr><td>३२२/०७६/३/२४</td><td>बरपिपल बचत तथा ऋण सहकारी संस्था लि</td><td>७६७८७५.००</td></tr>
<tr><td>५६/०७५/११/१३</td><td>जैवि विधता सरंक्षण सहकारी संस्था लि.</td><td>१९१६४७.००</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>कृषि तथा पशु तर्फ</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ९१. | कार्यालयले कृषकहरुलाई अनुदान दिन खरिद गर्ने विभिन्न प्रकारका विउ विजन एवं मिनि किटहरु कृषि ज्ञान केन्द्रले तोकेको स्रोतकेन्द्रवाट खरिद गर्नूपर्ने व्यवस्था छ । गाउँपालिकाले खरिद गरेको निम्नानुसारका विउ विजनहरु खरिद गर्दा सो नियमको पालना गाउँ खरिद गरेकोले खरिद गरिएका सवै विउ विजनहरु गुणस्तरिय भए नभएको एकिन गर्न सकिएन । यस तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |

| भौ न र मिति | विउ विजनको नाम | विउ विजनको परिमाण | भुक्तानि भएको रकम | खरिद गरिएको संस्था |
|---|---|---|---|---|
| ८७,/२०७६/३/३१ | लियोसेन्टी ,वाजरा र सुडान घासी क्वीन्टलमा | १०/५ | ९९६२५/ | मेमोरियम एग्रो भेट सेन्टर |
| १११/०७६/३/३१ | नेपीयर, अम्रीसो,मुलाटोको गाज | १४५०० | १६९०००/ | मेमोरियम एग्रो भेट सेन्टर |
| १/०७५/७/१२ | प्याज केजी | ३० | ६००००/ | कृषक सेवा एग्रोभेट सेन्टर |
| १/०७५/७/१२ | मूला ,धनिया,रायो,मेथी पाकेट | २००० | ५००००/ | कृषक सेवा एग्रोभेट सेन्टर |
| ११/०७५/१०/१२ | गहु केजी | १०० | २५५००/ | कृषक सेवा एग्रोभेट सेन्टर |
| १८/०७५/१२/७ | मुला,करेला,काको, लौका,फर्सी पाकेट | ३५०० | ७००००/ | कृषक सेवा एग्रोभेट सेन्टर |
| ४५/०७६/२/६ | मुला,सिमी,काको करेला,तनेवोडी | १०००० | ५००००/ | कृषक सेवा एग्रोभेट सेन्टर |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ९२. | **वढी भुक्तानी** : ५४।०७६।२।३१: माछाको भुरा खरिद गर्ने प्रा.स कमलापति भट्टलाई रु १,४५,०००। भुक्तानि गरेको फाँटवारी परीक्षण गर्दा मत्स्य विकास केन्द्र कैलालीवाट कमन गोटा र ग्रास गोटा माछाको विजक मूल्य रु ५०,०००। र सो माछाहरुलाइ दुवानी गर्दा लागेको रु ५५,३५०। समेत रु १,०५,३५०। खर्च लेख्नुपर्नेमा रु १,४५,०००। भुक्तानी लिएकोले वढी भुक्तानी भएको रकम सम्वन्धितवाट असुल हुनुपर्ने देखिएको रु | ३९६५०/ |
| ९३. | प्रजनन प्रयोजनका लागि खरिद गरिएका पशुहरु खरिद गर्नुपूर्व जिल्ला पशु सेवा कार्यालयले तोकिदिएको श्रोतकेन्द्रवाट खरिद गर्नुपर्दछ । साथै त्यस्ता चौपाया खरिद गर्नुअघि चौपायाहरुको स्वास्थ्य परीक्षण गरि निरोगीता प्रमाणित भएको पाइएमा मात्र त्यस्ता पशु खरिद गरि वितरण गर्नुपर्दछ । कार्यालयले निम्नानुसारका चौपायाहरु रु १७,५५,२००। मा खरिद गरेको देखियो ।उक्त चौपायाको लागि जिल्ला पशुसेवा कार्यालयवाट निरोगिताको प्रमाण समेत श्रेस्तामा संलग्न नहुँदा खरिद गरिएका चौपाया प्रजनन योग्य एवंम स्वास्थ्य थिए भन्न सक्ने अवस्था भएन ।यसतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको छ । | |

| भौ. नं र मिति | पशुपन्छीहरुको विवरण | संख्या | आपूर्तिकर्ता संस्था तथा व्यक्ति | खरिद मूल्य | अनुदान रकम |
|---|---|---|---|---|---|

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ७६/२०७६/३/१ | वोयर कस वोका | १२ | रुवस वोयर वाखा केन्द्र जोरायल | ४६४२००/ | ४६४२००/ |
| ४२/२०७६/१/१७ | जर्सि गाइ | १० | के.सी. डेरी तथा भैसीपालन कैलाली | ६७००००/ | ६७००००/ |
| २३/०७५/१२/१ | कुखुरा चल्ला | २६०० | शुभम ब्रुडर पोल्टी फर्म | ७४१०००/ | ७४१०००/ |
| विभिन्न | वाखा | ८२ | रुवस वोयर वाखा केन्द्र जोरायल | ५८५६८५/ | ११७१३७/ |
| ,, | राँगा | २ | दुर्गा, सिद्धनाथ भैसीपालन फार्म | १०००००/ | २००००/ |

९४. **संचार खर्च :** ११०।०७६।३।३१ प्रा.स.मान वहादुर रानालाई रु.१२,०००। र स्वास्थ्य सयोजक जयराम भट्टलाई रु ९,०००। संचार खर्च भुक्तानी दिएको छ । निजहरुलाई व्यक्तिगत प्रयोगको लागि संचार खर्च दिनुपर्ने आधार प्रमाण नभएकोले उक्त खर्च निजहरुवाट असुल हुनुपर्ने देखिएको रु .

बेरुजू रकम: २१०००/-

९५. **औषधी खरिद** : ३,५,११,१३,३५,३७, :कार्यालयले यस वर्ष विभिन्न मितिमा विभिन्न आपूर्तकसंग रु १९,३७,५३९। को सोभै औषधी खरिद गरेको छ । उक्त औषधीहरुमा उत्पादन मिति म्याद समाप्त मिति औषधीको जेनेरिक नाम एवं Country of Origin उल्लेख नभएकोले खरिद गरिएका औषधीहरु गुणस्तरिय भए नभएको एकीन गर्न सकिएन । गुणस्तरिय औषधी खरिद गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखियो ।

९६. **दाखिला नभएको :** देहायका विभिन्न प्रकारका सामानहरु खरिद बापत भुक्तानी दिएकोमा जिन्सी दाखिला भएको देखिएन । सम्बन्धित जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने देखिएको रु.

बेरुजू रकम: ९०५२७०/-

| **भौ न ं र मिति** | **सामानको विवरण** | **परिमाण** | **भ्याट वाहेक** | **मू.अ.कर समेतको मूल्य** |
|---|---|---|---|---|
| ११/०७५/११/१५ | काठको खटिया | ४ | ५५००/ | २५००० |
| | टेवल | १ | ३०००/ | |
| ३२/०७६/३/३१ | ओ.पी.डी टिकेट लगायतका सामान | २०० | | ५०४६० |
| | वावालाइ चिठी ठेली | २०० | | |
| ३६/०७६/३/३१ | राउण्डीङ्ग चेयर | १ | १२९६३/ | १४९०० |
| ११/०७५.८/७ | डेल ल्यापटप | ५ | २६४५००/ | ४४४६७७ |
| | ब्रोदर प्रिन्टर | ४ | १०५८२०./ | |
| | फोटोकपी | १ | २३२००/ | |
| १२/०७५/८/७ | आमा सुरक्षा फरम्याट ठेली | १२० | १९२००/ | २५६०० |
| ४९/०७६/३/२८ | ब्लान्केट,डसना,सिरानी थान | ४/४ | १९९००/ | १९९०० |
| ६,५७/०७६/३/३१ | न्यानो झोला | ३११ | ८८५/७९५ | २९९७८६ |
| २७/०७६/३/२१ | सेनेटरी प्याड | ५८१ | २४९८७/ | २४९४७ |
| **जम्मा** | | | | **९०५२७०/-** |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>९७.</td><td>प्रमाण नभएको :२९।०७६।३।२८ सरकारले क्षयरोगीलाई क्षयरोग लागेको पत्तालागि विरामीको रुपमा दर्ता भइ औषधी खान थाले देखि ६ महिना सम्म पोषण भत्ता दिने व्यवस्था गरेको छ ।कार्यालयले क्षयरोगको उपचारका लागि ०७४।१०।२६ मा दर्ता भएका खडका वहादुर वोहोरालाइ १६ महिना पछि निजलाई भत्ता उपलव्ध गराएकोले निजले उक्त भत्ता पाउने आधार प्रमाण नभएकोले उक्त पोषण भत्ता सम्वन्धीत वाट असुल हुनुपर्ने देखिएको रु</td><td>४०००/-</td></tr>
<tr><td>९८.</td><td>न्यायिक समिती बैठक : सुदुर पशिचम प्रदेशका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को दफा १२ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले उक्त ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन पाउने छैनन् भनी उल्लेख गरेको छ । कार्यालयले न्यायिक समिती बैठक भत्ता बापत देहायका पदाधिकारीलाई निम्नानुसारको रकम भुक्तानी गरेकोमा, न्यायिक समिती बैठकबापत सुविधा पाउने व्यवस्था कानुनमा उल्लेख नरहेकोले, कार्यालयले कानुन बमोजिम मात्र सेवा,सुविधा भुक्तानी गर्नुपर्ने देखिन्छ ।
<table>
<tr><th>भौ.न./मिती</th><th>पद</th><th>नाम</th><th>रकम</th></tr>
<tr><td>४६४/२०७६/३/२९</td><td>न्यायिक समिती संयोजक</td><td>जमुना कु बोहेरा</td><td>४०५००.०</td></tr>
<tr><td>४६४/२०७६/३/२९</td><td>न्यायिक समिती सदस्य</td><td>दिनेश कुमार मल्ल</td><td>३९०००.०</td></tr>
<tr><td>४६४/२०७६/३/२९</td><td>न्यायिक समिती सदस्य</td><td>नन्द राज भट्ट</td><td>३९०००.०</td></tr>
<tr><td>४६४/२०७६/३/२९</td><td>कानुनी सल्लाहकार</td><td>कल्पना कुमारी मडै</td><td>३३०००.०</td></tr>
<tr><td>४६४/२०७६/३/२९</td><td>नायब सुब्बा</td><td>हरिदत्त पाण्डे</td><td>७५००.०</td></tr>
</table></td><td></td></tr>
<tr><td>९९.</td><td>विल भर्पाई : ४८०।०७६।३।३१ डि डि ग्रप धनगढीलाई सामान खरिद गरे वापत रु.१२०००। भुक्तानी भएकोमा संलग्न फाँटवारीमा विल विजक नभएको हुदाँ उक्त रकम असुल गर्नुपर्ने रु.</td><td>१२०००/-</td></tr>
<tr><td>१००.</td><td>फिल्म निर्माणको अनुदान खर्च : ४४१/२०७६/३/२३, सरकारी बजेट खर्च गर्दा प्रचलित ऐन,कानुन एवम् निर्देशिकाको पालना गरिनुपर्दछ । व्यक्तिगत फर्म वा नाफामुखी संस्थालाई कार्यक्रम संचालन वा विकास बजेटबाट बिना प्रायोजन, उक्त संस्थाको नाफामुलक कार्यक्रम संचालनार्थ रकम भुक्तानी गर्नु हुँदैन । गाँउकार्यपालिकाको मिति २०७६/१/१६ को निर्णयले गाउँपालिकामा छायाँकन गरिएको व्यवसायिक चलचित्र "साङ्लो" निर्माण गर्ने विराज भट्ट फिल्म प्रोडक्सन प्रा.लि (प्यान नं ६०६६१३४३७) लाई रु दश लाख रकम दिने निर्णय गरेको र सो निर्णय मिति २०७६/२/२७ को गाउँसभा बैठकले अनुमोदन गरेको छ । उक्त प्रोडक्सनको मिति २०७५/१२/२० को पत्रले उक्त रकम भुक्तानीको माग गरेकोमा, गाउँपालिका अध्यक्षको तोक आदेश गरेको र मिति २०७६/३/२२ को कार्यालयको निर्णयमा लेखा प्रमुख र कार्यालय</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>प्रमुखले भुक्तानी दिन नमिल्ने रायका बाबजुद, अध्यक्षद्धारा भुक्तानी दिने गरी टिप्पणी आदेश सदर भएको छ । सोको आधारमा कार्यालयले उक्त फर्मको चलचित्र निर्माणका लागि खाना तथा यातायात सहयोग सम्बन्धि प्रस्तावका आधारमा करकट्टी समेत रु १०,००,०००.०० भुक्तानी गरेको छ । व्यवसायिक प्रयोजनको कार्य गर्नका लागि व्यक्तिगत फर्म तथा नाफामुखी संस्थालाई रकम भुक्तानी गर्नुपर्ने पुष्ट्याँई सहितको आधार प्रमाण नभएकोले करसहितको रु १०,००,०००.०० खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु</td><td>१००००००/-</td></tr>
<tr><td>१०१.</td><td>ढुवानी सम्झौता : कार्यालयले खर्च भुक्तानी गर्दा सोको पुष्टि गर्ने आवश्यक प्रमाण पेश हुनुपर्दछ । देहायको सवारी चालकलाई ढुवानी बापत निम्नानुसार रकम भुक्तानी भएकोमा, ढुवानीको प्रयोजन एवम् सम्झौता समेत नरहेकोले खर्चको पुष्ट्याँई गर्ने आधार पेश नभएको रु
<table>
<tr><th>भौ.नं/मिती</th><th>सवारी चालक</th><th>रकम</th></tr>
<tr><td>४६०/२०७६/३/२७</td><td>सिद्ध राज जोशी</td><td>९०००.०</td></tr>
<tr><td>४५६/२०७६/३/२६</td><td>चित्र कुमार मडै</td><td>९०००.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१८०००.०</td></tr>
</table></td><td>१८०००/-</td></tr>
<tr><td>१०२.</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम : प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रम अर्न्तगत गाँउपालिकाले काममा लगाउनुपर्नेमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन । श्रमिकलाई रोजगार बापतको पारिश्रमिक बैंक खातामार्फत भुक्तानी गर्नुपर्ने वा उपदफा २ बमोजिम सो अवस्था नरहेमा सम्बन्धित स्थानीय तहले सो व्यहोरा निर्णय गरि नगदमै भुक्तान गर्न सक्नेमा, गाउँपालिकाले सो निर्णयबिना पारिश्रमिक रकम वडा अध्यक्ष वा टोली नेता तोकी निजहरुमार्फत नगद भूक्तानी गरेको देखिएकोले पारिश्रमिक भुक्तानी सम्बन्धित कामदारहरुले प्राप्त गरेको सुनिश्चित गर्न सकिएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लिखित व्यवस्थाहरको पालना नभगरी अत्याधिक संख्यामा योजना छनौट भएको र श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन ।</td><td></td></tr>
<tr><td>१०३.</td><td>सहजीकरण रकम : गाउँपालिकाले संचालन गरेको विभिन्न कार्यक्रममा, तोकिएको शिर्षकमा तोकिए बमोजिमको रकममात्र भुक्तानी गर्न मिल्छ । गाँउपालिकामा संचालित देहायका कार्यक्रमहरुमा, कार्यालयले सहजीकरण भत्ता बापत निम्न पदाधिकारीहरुलाई निम्नानुसार रकम भुक्तानी गरेकोमा, सहजीकरण बापत</td><td></td></tr>
</table>

कार्यालयको नाम : जोरायल गाउँकार्यपालिकाको कार्यालय, डोटी ।                    आ.व.२०७५।७६

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | भत्ता उपलब्ध गराउने व्यवस्था रहेको नपाईएकोले, निजहरुबाट असुल गरिनुपर्ने रु | ५८१४०/- |

| भौ.नं./ मिती | कार्यक्रम | पदाधिकारी | सेसन | दर | रकम | करकट्टी | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| १२/२०७६/२/२० | पोषण तथा खाद्य सुरक्षा पुर्नताजगी | पशु स्वा.प्रा, मान बा.राना | २४ | १५०० | ३६००० | ५४०० | ३०६०० |
| २३/२०७६/३/२५ | कुखुरा पालन तालिम | ना.प्रा.स. अर्जुन राज जोशी | १८ | १००० | १८००० | २७०० | १५३०० |
| २५/२०७६/३/३१ | विद्यालयका महिला शिक्षिकालाई तालिम | हे.अ, फुलाराम चौधरी | ३ | १६०० | ४८०० | ७२० | ४०८० |
| २५/२०७६/३/३१ | विद्यालयका महिला शिक्षिकालाई तालिम | अधिकृत छैंठौं, गोविन्द बा.बिष्ट | ३ | १६०० | ४८०० | ७२० | ४०८० |
| २५/२०७६/३/३१ | विद्यालयका महिला शिक्षिकालाई तालिम | अ.हे.ब, योगेन्द्र बा.मल्ल | ३ | १६०० | ४८०० | ७२० | ४०८० |
| | | | | | | जम्मा | ५८१४० |

| | | |
|---|---|---|
| | **समानिकरण चालु तर्फ :** | |
| १०४. | **भुक्तानी दिन बाकींको विवरण तयार नगरेको** : ६।०७५।६।१७ चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने भएमा बिल भर्पाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिनपर्ने कारण खोली तोकिएको ढाँचामा भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई श्रावण १५ गतेभित्र कार्यालय प्रमूख र को.ले.नि.का.बाट प्रमाणित गराई राख्नुपर्नेमा कार्यालयले निर्वाचित ३२ जना पदाधिकारीहरुको २०७४।७५ को पारिश्रमिक सुविधाको दायित्व भुक्तानीको कच्चावारी तयार गाउँ रु.३८१६०००। भुक्तानी गरेको देखियो । गत बर्षको रकम चालु आवमा भुक्तानी गर्दा अन्य कार्यक्रममा असर परेको देखियो । | |
| १०५. | ११६।०७५।८।२४ कुनै पनि कार्यक्रम सञ्चालनको लागि लागत अनुमान तयार गरी सो अनुसार खर्च गर्नु पर्नेमा गाउँपालिका राष्ट्रिय महासंघ नेपालको महाधिवेशनमा लागेको खर्चको लागि कार्यपालिकाको बैठकबाट निर्णय गरी रु.५,००,०००। लाख खर्च व्यहोर्ने गरी भैपरिआउने चालुबाट रु.३,४२,८५३। बरावरको खाना खाजाको विलराखी रकम पिपल चौतारी गेष्ट हाउस,बुडर,डोटीलाई भुक्तानी गरेको देखियो । संलग्न फाँटवारी परीक्षण गर्दा उक्त कार्यक्रम कहिले भएको, लागत अनुमान के कति हो, लागत | ३४२८५३/- |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>सहभागिताबारे फाँटवारीमा प्रमाण नभएको तथा उक्त खर्च सभाबाट अनुमोदन भएको नदेखिएको रु.</td><td></td></tr>
<tr><td>१०६.</td><td>१७९।०७५।९।२५ उक्त महासंघको लागि पिनाकेश्वर कुटानी पिसानी मिलको चामल खरिदको रु.३९२००। विल राखी भुक्तानी गरेको के कामको लागि हो आधार प्रमाण नभएकोले सो रकम असुल गर्नुपर्ने रु.</td><td>३९२००/-</td></tr>
<tr><td>१०७.</td><td>१८६।०७५।९।२५ गाउँपालिका राष्ट्रिय महासंघ नेपालको महाधिवेशनमा लागेको अन्य खर्च वापत रु.५९८००। भुक्तानी गरेकोले सोको आधार प्रमाण नभएको रु.</td><td>५९८००/-</td></tr>
<tr><td>१०८.</td><td>१६०।०७५।९।१६ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले खरिद गर्न लागत अनुमान स्वीकृत गर्नुपर्ने व्यवस्था छ । कार्यपालिकाको निणर्यबाट घण्टेश्वर आधारभुत विद्यालयलाई सहयोगको लागि भनि रु.३०००००। विनियोजन गरी भुक्तानी गरेकोमा संलग्न फाँटवारी परीक्षण गर्दा उक्त विद्यालयको स्वर्ण महोत्सव तथा पुन मिलन कार्यक्रम,२०७५ को लागि खर्च गरेको भनि विल भरपाई पेश गरेकोमा निर्माण सामाग्रीको विल राखेको देखियो । यसरी के कामको लागि खर्च भएको हो एकिन नभएकोले लागत अनुमान तथा कार्य सम्पन्न पेश गर्नुपर्ने रु.</td><td>३०००००/-</td></tr>
<tr><td>१०९.</td><td>कुनै पनि खर्च गर्दा औचित्य पुष्टी हुनुपर्दछ । गाउँपालिकाको सामान ढुवानीकालागि विभिन्न समयमा गाडी भाडा भुक्तानी गरेको देखियो । सामान ढुवानी गर्दा के कति ढुवानी गर्ने कहाँबाट कहाँ सम्मको लागि भाडामा लाने हो एकिन गरेरमात्र भाडामा भुक्तानी गर्नु पर्नेमा देहायका भौचरबाट विभिन्न समयमा गाडी भाडा वापत भुक्तानी गरेकोमा उक्त भाडा खर्च लेख्ने पाउने पुष्ट्याई सहितको आधार प्रमाण पेश गर्नु पर्ने रु.
<table>
<tr><th>भो.नं./मिति</th><th>काम</th><th>भाडा रकम</th></tr>
<tr><td>१६२/०७५/९/१७</td><td>सामान ढुवानी</td><td>१४०००</td></tr>
<tr><td>१५५/०७५/९/१६</td><td>सामान ढुवानी</td><td>१४०००</td></tr>
<tr><td>३७९/०७६/२/२६</td><td>सामान ढुवानी</td><td>१३०००</td></tr>
<tr><td>३९१/०७६/२/२९</td><td>सामान ढुवानी</td><td>१००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५१०००/-</td></tr>
</table></td><td>५१०००/-</td></tr>
<tr><td>११०.</td><td>अन्य कार्यालयको खर्च: कार्यालयले बार्षिक कार्यक्रममा स्वीकृत वेगर देहायको निकायलाई विभिन्न कामको लागि खर्च गरेको देखियो । कार्यालयको नियमित बजेट खर्च अन्यत्र कार्यालयको काममा खर्च गर्नु नियम सम्मत देखिएन । यस्तो खर्च गर्ने परिपाटिमा नियन्त्रण हुनुपर्दछ ।
<table>
<tr><th>भो.नं./मिति</th><th>कार्यालय</th><th></th><th>रकम</th></tr>
<tr><td>४९/०७५/७/१५</td><td>इलाका प्रहरी कार्यालय,जोरायल</td><td>कार्यालयको रङ्गरोगन</td><td>२५०००</td></tr>
<tr><td>६०/०७५/७/१८</td><td>घण्टेश्वर प्रहरी चौकी</td><td>कार्यालयको रङ्गरोगन</td><td>२००००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>

| | | | |
|---|---|---|---|
| १४२/०७५/८/२७ | इलाका प्रहरी कार्यालय,जोरायल | इन्धन | ५४०० |
| १५७/०७५/९/१६ | इलाका प्रहरी कार्यालय,जोरायल | इन्धन | ४६०० |
| १७३/०७५/९/२२ | इलाका प्रहरी कार्यालय,बुडर | विविध | १९७९५ |
| | जम्मा | | ७४७९५/- |

</td><td></td></tr>
<tr><td></td><td>सामाजिक सुरक्षा कार्यक्रमको लेखापरीक्षणबाट देखिएका व्यहोरा</td><td></td></tr>
<tr><td>१११.</td><td>अभिलेख अद्यावधिक तथा बढी भुक्तानी: सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ७ बमोजिम प्रत्येक स्थानीय तहले मन्त्रालयको स्वीकृति बिना कुनैपनि प्रकारका सामाजिक सुरक्षा भत्ता नगद वितरण गर्न नपाइने र प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सबै लक्षित वर्ग तथा समूहको तथ्याङ्क केन्द्रीय पञ्जिकरण विभागको MIS systemमा Online प्रविष्टी गरी अद्यावधिक गरेको तथ्याङ्कको आधारमा नजिकको बैंकको शाखाबाट  खाता सञ्चालन गरी वितरण गर्नुपर्ने व्यबस्था छ ।</td><td></td></tr>
<tr><td>१११.१.</td><td>गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण अद्यावधिक गरेको देखिएन भने तीन वटै चौमासिकको सामाजिक सुरक्षा भत्ता रकम रु.२,७८,९८,०००। नगदमा बुझाएको देखियो । उल्लेखित अवस्थामा सामाजिक सुरक्षा भत्ता बितरणमा दुरुपयोग हुन सक्ने देखिएकोले ब्यबस्थापन पक्षले लाभग्राहीहरुको मुल अभिलेख अद्यावधिक, सो को नविकरण, लगत कट्टा, बितरण प्रणाली र बैंक खाता सञ्चालन लगायत तोकिएका अन्य कार्यहरुलाई बिश्वसनीय र भरपर्दो बनाउनुपर्ने देखिन्छ । बैंकमा खाता खोली बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१११.२.</td><td>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को बुँदा नं.११ अनुसार सामाजिक सुरक्षा सम्बन्धी अनुसूची ८, ९, १०, ११ र १२ तयार गरी सोको आधारमा भत्ता खर्च लेख्नुपर्ने व्यवस्था उल्लेख छ । सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको परिचयपत्र सहितको नामावली अद्यावधिक नहुँदा भत्ता पाउने उचित व्यक्ति छुट वा अर्को व्यक्तिले दोहोरो भत्ता भुक्तानी लिई खर्चमा अनियमितता हुन जाने सम्भाव्यता विद्यमान रहन्छ ।</td><td></td></tr>
<tr><td>१११.३.</td><td>गाउँपालिकाको निकासाको आधारमा पहिलो र पाँचौ स्थानको वडाहरुको सामाजिक सुरक्षा भत्ता परीक्षण गर्दा निम्न वडाको सामाजिक सुरक्षा भत्ता दोहोरो वितरण गरेकोमा देहाय अनुसारको दोहोरो परेको भत्ता सम्बन्धित वडा सचिबलाई जिम्मेवार बनाई असूल गर्नुपर्ने तथा अन्य वडाहरुको सम्बन्धमा कार्यालयले छानविन गर्नुपर्दछ ।  निर्देशिकाले व्यवस्था गरे अनुसार सबै अनुसूचीको भिडान गरी सामाजिक सुरक्षा भत्ता खर्च लेख्ने, अघिल्लो चौमासिकमा भएको नविकरण, लगत कट्टाको अभिलेखलाई अद्यावधिक गरेर मात्र अर्को चौमासिकको किस्ता बैंक मार्फत भुक्तानी गर्नु पर्ने रु.</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | (तलको तालिका हेर्नुहोस्) | २५४००/- |

| वडा नं. | नाम | लक्षित समूह | दर | रकम | चौमासिक | कैफियत |
|---|---|---|---|---|---|---|
| २ | भवानी वि.क. | बा.द | ४०० | १६०० | तेस्रो | |
| | रियान्ती वि.क. | बा.द | ४०० | १६०० | तेस्रो | |
| | रोजिना वि.क. | बा.द | ४०० | १६०० | तेस्रो | |
| | रोहित वि.क. | बा.द | ४०० | १६०० | तेस्रो | |
| | अथिति कामी | विधवा | १००० | ४००० | तेस्रो | |
| ४ | लोकमनी ठगुन्ना | जे.ना | १००० | ४००० | पहिलो | ०७६।५।२५ मा मृत्यु भएको |
| | मदन सिं खड्का | | १००० | ३००० | तेस्रो | मृत्यु भै सकेको भुक्तानी |
| ६ | किशोर साउद | बा.अन्य | ४०० | १६०० | तेस्रो | |
| | गणेश वोहरा | बा.अन्य | ४०० | १६०० | तेस्रो | |
| | दिनेश साउद | बा.अन्य | ४०० | १६०० | तेस्रो | |
| | प्रकृति बोहरा | बा.अन्य | ४०० | १६०० | तेस्रो | |
| | भुमिका भट्ट | बा.अन्य | ४०० | १६०० | तेस्रो | |
| | | जम्मा | | २५४००/ | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १११.४. | वडा नं.४ को वडा सचिव श्री चन्द्र देव ओझालाई प्रथम चौमासिक कुल पेश्की रु.१८९७२००। भुक्तानी भएकोमा वितरण भरपाई परीक्षण गर्दा रु. १८९५६००। मात्र वितरण गरी रु.१६००। बाकीँ रहेको देखियो । सो रकम सम्बन्धित वडा सचिवबाट असुल गरी दाखिला गर्नु पर्ने रु. | १६००/- |
| | **आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै फछर्यौट गरिसक्नुपर्ने व्यबस्था भएता पनि देहायबमोजिम आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु फछर्यौट गरेको प्रमाण पेश नभएकोले नियमानुसार फछर्यौट गर्नुपर्ने देखिएको छ ।** | |
| ११२. | २२।०७६।३।३१ स्वास्थ्य संयोजक फुलराम चौधरीलाई कार्यक्रम खर्चको लागि दिएको रकममा फ्लेक्स छपाईको लागि खर्च लेखेको रु.२६०००। को अग्रिम कर दाखिला गर्नुपर्ने रु. | ३९०/- |
| ११३. | ३२।०७६।३।३१ HMIS तालिम सञ्चालनको लागि स्वस्थ्य संयोजक फुलराम चौधरीलाई सृजना प्रिन्टर्स अत्तरियालाई रु.५०४६०। भुक्तानी गर्दा अग्रिम कर कट्टी गाउँको दाखिला गर्नुपर्ने रु. | ७५६/९० |
| ११४. | ३४।०७६।३।३१ VIA जाँच शिविर कार्यक्रम सञ्चालनको लागि स्वस्थ्य संयोजक फुलराम चौधरीलाई कालिका मेडिकललाई भुक्तानी दिदाँ अग्रिम कर कट्टी गाउँको दाखिला गर्नुपर्ने रु. | १८१.५० |
| ११५. | ३५४।०७६।३।२९ स्थानीय विपद तथा जलवायु उत्थानशील योजनाका लागि श्री इको एग्रो डि आर एम प्रा.लि शंखमुल, काठमाण्डौलाई रु.३५३९८३। भुक्तानी गरेकोमा अग्रिम कर कट्टी गाउँको रु.५३०९।७४ दाखिला गर्नुपर्ने रु. | ५३०९/७४ |
| ११६. | ३४६।०७६।१।१७ वा.२ भ ३६४२ नं.गाडीको मर्मत गरेको रकम दक्षिणकाली इनकर्पोरेटेड प्रा.लि.धनगढीलाई स्टिमेट स्वीकृत वेगर भुक्तानी भएको अनियमित रु. | ९५१५६/- |

अनुसूची १

## जोरायल गाउँपालिकाको सञ्चित कोष विवरण
## २०७५।७६

(रु.हजारमा)

| क्र.स | स्थानीय तह | जिल्ला | आय | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूजींगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | जोरायल गाउँपालिका | डोटी | ३७३११ | ८९८६९ | १८६८५० | ११८०९६ | ३९४८१५ | २१९२४६ | १०९८४९ | ७५००६ | ४०४१०१ | २८०२५ |

अनुसूची-२

## बेरुजू वर्गीकरण (विनियोजन,राजस्व,धरौटी र अन्य कारोवार)
## २०७५।७६

(रु.हजारमा)

| क्रस | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सै. | ल. | रकम | सै. | ल. | रकम | सै. | ल. | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी पेश्की | अन्य पेश्की | जम्मा |
| १ | जोरायल गाउँपालिका | ७१ | ५० | ४९९३७ | ० | ० | ० | ७१ | ५० | ४९९३७ | ९३२२ | ४०५२ | १८०६३ | ० | ० | २२११५ | ० | १८५०० | १८५०० |

अनुसूची-३

## अद्यावधिक वेरुजू स्थिति
## २०७५।७६

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | जोरायल गाउँपालिका | डोटी | ९७७८ | ८९ | ९६८९ | ० | ४९९३७ | ५९६२६ |